Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87559
Research Article
ISSN: 3021-9035 Print

# नेपालको कम्युनिस्ट आन्दोलन विभाजनमा मनोवैज्ञानिक प्रभाव

**रामप्रकाश पुरी**
*rpp2029@gmail.com*

## लेखसार

नेपालको कम्युनिस्ट आन्दोलन २००६ सालदेखि विभाजनको प्रक्रिया सुरु भयो, जहाँ वैचारिक मतभेद, नेता–कार्यकर्ताको महत्त्वाकाङ्क्षा, सङ्गठनात्मक विवाद र बाह्य हस्तक्षेपले गहिरो प्रभाव पा¥यो । समूह मनोविज्ञान, सामाजिक पहिचान, संज्ञानात्मक द्वन्द्व र निराशा–आक्रोश सक्रिय भएर उपसमूह निर्माण, आपसी सङ्घर्ष र दीर्घकालीन पार्टी फुटको कारण बने। वि.सं. २००८ सालमा पुष्पलालको महासचिव पदबाट विस्थापनपछि षडयन्त्र, विश्वासघात र पदलोलुप प्रवृत्ति देखियो । संवैधानिक राजतन्त्रमा सहभागिता, नीति–नेतृत्व असन्तुलन, न्यूक्लस र कोअर्डिनेशन विवाद र अन्तर्राष्ट्रिय प्रभावले विभाजनलाई थप गहिरो बनायो । नेतृत्व, अनुशासन र मनोवैज्ञानिक अस्थिरताले पार्टी फुटलाई सहज बनायो। हामी सही कम्युनिस्ट हौँ, तिमी नक्कली कम्युनिस्ट हो भन्ने मनोविज्ञानबाट निर्देशित भएर नेपालको कम्युनिस्ट आन्दोलनमा बारम्बार विभाजन हुने र आरोपप्रत्यारोप गर्ने प्रचलन चल्दै आयो । सही कम्युनिस्ट को हुन्— कम्युनिस्ट पार्टीको घोषणापत्र–अनुसार रणनीति र कार्यनीति निर्माण गर्ने वा विद्यमान पुँजीवादी व्यवस्थासित सहअस्तित्वको आधारमा प्रतिष्पर्धा गरेर सत्ताको बाँडफाँड र उपभोग गर्ने ? यो गम्भीर प्रश्नको अन्तिम फैसला राजनीति र वैचारिक पक्षले गर्ने भए पनि नेपालको कम्युनिस्ट आन्दोलनमा जुन फुट हुँदै आएका छन्, त्यसमा केवल वैचारिक र सैद्धान्तिक पक्ष मात्र होइन मनोवैज्ञानिक पक्ष पनि गहिरो रूपमा जोडिएको छ । नेताहरूको अहम्ता, महत्त्वाकाङ्क्षा, इगो, पदीय लालचा, सम्झौतापरस्त प्रवृत्ति, हिनताबोध, नेतृत्वको भोक, नेतृत्वबाट हट्ने भय तथा सन्त्रास, गुटबन्दी आदि मनोवैज्ञानिक पक्ष हुन् । यी सबै पक्षले पार्टीको विचार, सिद्धान्त, नीति, सङ्गठनात्मक पक्ष, कार्यशैली आदिमा गम्भीर प्रभाव पारेका हुन्छन् । समूह र व्यक्तिका धारणा र इच्छालाई संयोजन गरेर पार्टीलाई सञ्चालन गर्नुपर्ने दायित्वलाई नेपालका कम्युनिस्टले राम्रोसँग ध्यान दिएका छैनन् । विचार र राजनीतिका विषयमा वैचारिक सङ्घर्ष हुने गरेको भए तापनि मनोगत पक्षले पार्ने गम्भीर असर र परिणामबारे ध्यान दिइएको पाइँदैन । विचार तथा राजनीतिको समकक्षबाट मनोवैज्ञानिक पक्षमाथि पनि ध्यान दिन सकेमा आगामी विभाजनलाई न्यूनीकरण गर्न सकिने छ।

## शब्दकुञ्जी

पहिचान, समूहगत, व्यावहारिक–अवसरवादी, बहिर्गमन, हिनताबोध

## विषय प्रवेश

२००६ सालमा स्थापित नेपालको कम्युनिस्ट आन्दोलन वर्तमानमा विभिन्न समूह–उपसमूहमा विभाजित भएर अस्तित्वमा रहेको छ । आफ्ना पक्षलाई बलियो बनाउँदै स्थापित गराउने तथा समूहभित्र नै पक्षप्रतिपक्ष खडा गर्ने समूह मनोविज्ञान (फ्रायड, १९२२, पृ. ६०) बाट प्रभावित भएको पाइन्छ। नेकपामाथि वि.सं. २००८ सालमा लागेको प्रतिबन्ध फुकुवाका लागि एकथरीले विनासर्त खुला हुन

पाउने अधिकारको पैरवी गर्दा अर्कोथरी सम्झौताबाट खुला हुनुपर्नेमा जोड दिइनु सामाजिक पहिचानको मनोवैज्ञानिक सिद्धान्त (ताजफेल र टर्नर, १९७९, पृ. ३३–४७) बाट प्रभावित थियो। दोस्रो महाधिवेशनमा नीति र नेतृत्वको सामाञ्ज्यस्यता कायम नहुनुमा नेतृत्व होडबाजी वा नेता कार्यकर्ता मनोविज्ञान (लुथान्स, २०११, पावर एण्ड पोलिटिक्स अध्याय) को स्पष्ट प्रभाव रहेको थियो। २०१७ सालमा सम्पन्न दरभङ्गा विस्तारित बैठकबाट पारित संविधान सभाको चुनावको लाइनलाई कार्यान्वयनमा नलैजानु तत्कालीन केन्द्रीय समितिको मुख्य नेतृत्वको समूह मनोविज्ञान (फ्रायड, १९२२, पृ. ६०) बाट प्रभावित रहेको थियो। तेस्रो महाधिवेशन (२०१९) मा महाधिवेशन स्थलमा नै भावनात्मक रूपमा फुट आउनु आआफ्ना वैचारिक अडान वा वैचारिक द्वन्द्वको मनोविज्ञान (फेस्टेङ्गर, १९५७, पृ. ३२–४०) बाट प्रभावित थियो। पुष्पलाल र मोहनविक्रम पक्षबिच एकता कायम नहुनुमा सङ्गठनात्मक व्यवहारको मनोविज्ञान (लुथान्स, २०११, पावर एण्ड पोलिटिक्स अध्याय) बाट प्रभावित रहेका थियो । उनीहरूबिचको आपसी विश्वास सङ्कटका कारण उनीहरूबिच एकता कायम रहन सकेन (पुरी, २०२२, पृ. १८६–१९१)। यसरी नेकपालाई समूहगत विभाजनमा पुऱ्याउनुमा विभिन्न पक्षमध्ये एउटा महत्त्वपूर्ण कारण मनोवैज्ञानिक प्रभाव पनि भएको स्पष्ट छ।

पुष्पलाललाई वि.सं. २००८ मा महासचिवबाट हटाइनु, नेकपामाथिको प्रतिबन्ध हटाउनेबारे मतभेद र फुकुवा भइसकेपछि पनि विवाद गहिरो बन्दै जानु, दोस्रो महाधिवेशनदेखि दरभङ्गा प्लेनसम्मका राजतन्त्र, गणतन्त्र, संविधानसभा, संसदीय व्यवस्थालाई लिएर नेकपामा महाभारत भयो। दोस्रो केन्द्रीय समितिको बहुमतले वि.सं. २०१७ पौष ०१ गतेको शाहीकाण्डलाई समर्थन गरेपछि नेकपाभित्रको झगडाले शिखर छोयो। त्यही विवादका बिचमा वि.सं. २०१९ मा सम्पन्न तेस्रो महाधिवेशनबाट राजावादीको आरोपमा एउटा पक्षलाई निष्कासन गर्ने काम भयो भने तुलसीलाल, पुष्पलाल र मोहनविक्रमका फरकफरक प्रस्ताव टकराए। तुलदसीलालको राष्ट्रिय प्रजातन्त्रको लाइनले विजय हासिल गरे पनि त्यो लाइनले नेपाली कम्युनिस्ट आन्दोलनको विवाद र विभाजनलाई रोक्न सकेन। महाधिवेशनस्थलबाट नै भावनात्मक रूपले पार्टीमा विभाजन आयो। नयाँ नेतृत्व पनि अन्तर्कलहमै फस्यो र पार्टी विघटनको डिलमा पुग्यो (के.सी., १९९९, पृ. १९६)। विभिन्न प्रान्तीय कमिटीहरूले आफूलाई नै केन्द्र मान्न थाले। केन्द्रीय न्यूक्लसबाट मनमोहनको बहिर्गमन समूह मनोविज्ञान (फ्रायड, १९२२, पृ. ६०) बाट प्रभावित थियो। त्यसरी नेकपामा आएको फुटको उक्त लहर आजसम्म जारी रहेको छ। सैद्धान्तिक असहमति, वैचारिक विवाद र गुटबन्दी फुटका लागि निर्णायक भए पनि मनोवैज्ञानिक पक्षको महत्त्वपूर्ण भूमिकाको तथ्यपरक विश्लेषण गर्दै वर्तमानमा नेपालको कम्युनिस्ट आन्दोलन विभाजनमा विभिन्न मनोवैज्ञानिक प्रभावलाई उजागर गर्नु यस अध्ययनको उद्देश्य रहेको छ। यो अध्ययनको सीमा १९४९ देखि १९७५ सम्म नेकपा विभाजनमा मनोवैज्ञानिक प्रभावका मुख्यमुख्य अवस्थालाई विश्लेषण गर्ने रहेको छ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक विधिमाथि आधारित छ। नेपालको कम्युनिस्ट आन्दोलन विभाजनमा मनोवैज्ञानिक प्रभावसम्बन्धी सिद्धान्त, धारणा र विभिन्न अध्ययनलाई स्रोत सामग्री बनाइएको छ। प्राथमिक स्रोतअन्तर्गत अनौपचारिक कुराकानी, लिखित अन्तर्वार्ता, संस्मरण आदि र द्वितीय स्रोत सामग्रीअन्तर्गत पुस्तक, अनलाइन सामग्री, विभिन्न शोधअनुसन्धान आदिलाई लिइएको छ। यी सामग्री प्राप्त गर्न पुस्तकालय विधि प्रयोग गरिएको छ। प्राप्त स्रोतको विश्लेषण गरी यो अध्ययन पूरा गर्न वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ।

## छलफल र विश्लेषण

मार्क्स र एङ्गेल्स (१८४८/१९८६, पृ. १०) ले व्यक्त गरेअनुसार साम्यवाद एक सामाजिक, राजनीतिक तथा आर्थिक दर्शन हो, जसले वर्गविहीन, राज्यविहीन र समानतामूलक समाजको पक्षमा वकालत गर्दछ र यसको

आधार उत्पादनका साधनहरूको सामूहिक स्वामित्वमा राखिएको छ। कम्युनिस्ट आन्दोलनका प्रमुख उद्देश्यहरूमा शोषित वर्गहरूको सङ्गठन, क्रान्तिकारी चेतनाको प्रसार, सङ्घर्षमार्फत संरचनात्मक रूपान्तरण, र अनुशासित तथा केन्द्रिकृत पार्टीहरूको निर्माण समावेश छन् (लेनिन, १९०२/१९६१, पृ. २६–४०; एङ्गेल्स, १८७८/१९७८, च्याप्टर २; ग्राम्स्ची, १९७१, पृ. २१०)। यसको मूल सिद्धान्तहरूमा इतिहासको प्रमुख शक्तिका रूपमा वर्गसङ्घर्ष, सर्वहारा वर्गको नेतृत्व, अन्तर्राष्ट्रिय एकता र जनवादी केन्द्रीयता समावेश छन्।

ऐतिहासिक रूपमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले उग्रवामपन्थी भड्काव, संशोधनवाद र पूर्वी युरोप तथा एसियामा क्रान्तिकारी अभ्यासहरूको अनुभव गरेको छ। रुसको १९१७ को बोल्शेविक क्रान्तिले सङ्गठित क्रान्तिकारी अभ्यासको ढाँचा प्रदान गर्‍यो, त्यसपछि माओअन्तर्गत चीनको सफल नयाँ जनवादी क्रान्ति र भारतको नक्सालवादी आन्दोलनजस्ता क्षेत्रीय विद्रोहहरूले यसलाई निरन्तरता दियो। होब्सबाम (१९९४) को 'द थर्ड वर्ल्ड' (पृ. ३४४–३७१) खण्डमा उपनिवेशवादको अन्त्य, तेस्रो–विश्व राष्ट्रवाद, सामाजिक–आर्थिक संरचनागत परिवर्तन तथा तिनमा अन्तर्राष्ट्रिय साम्यवादी प्रभावहरूको विश्लेषण गरिएको छ; जसले विभिन्न तेस्रो–विश्व कम्युनिस्ट आन्दोलनहरूलाई वैचारिक तथा रणनीतिक रूपले आकार दिएको देखिन्छ। त्यस्तै मेइस्नर (१९९९) ले चीनमा १९७६–१९९८ को अवधि (भाग–६) मा बजार–सुधार, समाजवाद तथा पुँजीवादबिचको द्वन्द्वको गहिरो विश्लेषण गरेका छन्। यी विश्लेषणहरूले तेस्रो–विश्व देशहरूको कम्युनिस्ट आन्दोलनलाई वैचारिक र रणनीतिक मार्गदर्शन दिएको भनी व्याख्या गर्न सकिन्छ। त्यसअनुसार यी विश्वव्यापी आन्दोलनहरूले नेपालको पनि साम्यवादको अवधारणा र मार्गदर्शनमा प्रभाव पार्‍यो, जसले वैचारिक निर्देशन र रणनीतिक ढाँचा दुवै प्रदान गर्‍यो।

अहिलेको विश्व कम्युनिस्ट आन्दोलनमा कम्युनिज्म, कम्युनिस्ट, सर्वहारावर्गसम्बन्धी धारणा तथा उद्देश्यहरूमा प्रतिवद्धता विरुद्ध उदारता बढी देखिन्छ; जसले मार्क्सवादमा सैद्धान्तिक र दार्शनिक अस्थिरता उत्पन्न गरेको छ। डगलस केल्नर (१९९५) ले सोभियत युनियन पतनपछि धेरैले मार्क्सवादलाई 'अब प्रभावकारी सिद्धान्त होइन' भनेर हेर्न थालेको विश्लेषण गरेका छन् (केल्नर, १९९५, पृ. ३)। अर्कोतिर अटिलियो बोरोन (२०००) ले यसलाई पोस्ट–मार्क्सिज्मको उदयका रूपमा व्याख्या गरिरहेका छन्, जहाँ मूल मार्क्सवादी मान्यताहरूले राजनीतिक अधिकारको भूराजनीतिक प्रतिस्पर्धामा स्थान गुमाइरहेका छन्। जे होस्, अहिलेको विश्व कम्युनिस्ट आन्दोलनमा कम्युनिज्म, कम्युनिस्ट, सर्वहारावर्गसम्बन्धी धारणा र उद्देश्यमा प्रतिवद्धता विरुद्ध उदारता अगाडि आएकोले एकथरीमा मार्क्सकालीन व्याख्याको मनोवैज्ञानिक प्रभाव रहेको छ भने अर्कोथरीमा मार्क्सवाद भन्ने गरिए पनि त्यसको सैद्धान्तिक र दार्शनिक मान्यतालाई तिलाञ्जली दिँदै समकालीन विश्व राजनीतिको परिप्रेक्ष्यबाट सरकार तथा सत्तामा पुग्ने चाहना अथवा मनोवैज्ञानिक प्रभाव रहेको छ। मार्क्सकालीन व्याख्यालाई समर्थन गर्ने पक्षमा कम्युनिस्टका सैद्धान्तिक र दार्शनिक मूल्य बचेको भए पनि शक्ति सन्तुलनका दृष्टिले त्यो धेरै कमजोर र रक्षात्मक अवस्थामा पुगेको छ भने समकालीन विश्व राजनीतिको परिप्रेक्ष्यबाट सत्ता र सरकारमा जान खोज्ने पक्षमा कम्युनिस्ट सैद्धान्तिक र दार्शनिक पक्षमा धेरै ह्रास आएको छ। यद्यपि शक्ति सन्तुलनमा तिनीहरू समकालीन पुँजीवादी पक्षधरसँग चुनावमा प्रतिष्पर्धा गर्ने अवस्थामा रहेका छन्। नेपालको कम्युनिस्ट आन्दोलन पनि यी दुई धाराबाट प्रभावित हुँदै आएको छ। मार्क्सीय सिद्धान्त र दर्शनको पक्ष कमजोर तथा रक्षात्मक रूपमा धकेलिएको छ भने समकालीन राजनीतिमा सत्ता र सरकारमा जाने पक्ष बलियो रहेको छ। तर क्रान्तिकारी परिवर्तनको सम्भावना न्यून बन्दै गएको छ। यसरी दुवै पक्षबिचमा सैद्धान्तिक र दार्शनिक समझदारीमा गहिरो खाडल रहेको अवस्थामा उनीहरूमा विभाजनको मनो वैज्ञानिक प्रभाव पनि गम्भीर बन्दै गएको स्पष्ट छ।

उपर्युक्त विवरणबाट कम्युनिज्म र विभाजनसँग सम्बन्ध राख्ने मनोवैज्ञानिक अवधारणालाई निष्कर्षमा निम्नअनुसारको तालिकामा प्रस्तुत गर्न सकिन्छ–

### *तालिका १. मनोवैज्ञानिक अवधारणा र व्याख्या*

| क्र.सं. | अवधारणा | मनोवैज्ञानिक व्याख्या |
|---|---|---|
| १ | मनोविज्ञान | कम्युनिज्मप्रतिको धारणा, व्यक्तिगत वा सामूहिक व्यवहार, क्रियाकलाप र गतिविधि । |
| २ | कम्युनिज्मको मनोवैज्ञानिक अवधारणा | वर्गविहीन र न्यायपूर्ण सामाजिक व्यवस्था तथा एकीकृत विश्व मानवजातिको निर्माण गर्ने सामूहिक चेतना र आदर्श । |
| ३ | कम्युनिस्टको मनोवैज्ञानिक अवधारणा | कम्युनिज्म व्यवस्था प्राप्तिका लागि उद्देश्य बोकेका, त्यस्तो व्यवस्थाको प्रतिनिधित्व गर्ने तथा सामूहिक हितका लागि समर्पित व्यक्तिहरू । |
| ४ | कम्युनिस्ट आन्दोलनको मनोवैज्ञानिक अवधारणा | कम्युनिज्म व्यवस्थाका लागि सङ्गठित रूपमा विद्यमान राज्यसत्ताका विरुद्ध गरिने आन्दोलन, एउटै उद्देश्य बोकेको भए पनि विभिन्न समूह र धाराहरू संलग्न हुन्छन् । |
| ५ | विवादको मनोविज्ञान | रणनीति वा कार्यनीतिमा बेग्लाबेग्लै धारणा र दृष्टिकोण उत्पन्न हुँदा पैदा हुने असमझदारी, प्रतिष्पर्धा र आत्मकेन्द्रितता । |
| ६ | विभाजनको मनोविज्ञान | रणनीति, कार्यनीति वा व्यक्तिगत स्वार्थका कारण समूहभित्र पृथक अस्तित्व निर्माण गर्ने प्रवृत्ति, हाम्रो र तिम्रो–को चेतना गहिरो हुँदै जानु । |

## *विवाद र फुटमा मनोवैज्ञानिक प्रभाव*

नेपालका कम्युनिस्टहरूको बिचको विभाजनलाई मनोवैज्ञानिक सिद्धान्तले मुख्यतः ५ ओटा मनोवैज्ञानिक सिद्धान्तमा समेट्न सकिन्छ। समूह मनोविज्ञान, वैचारिक द्वन्द्व, निराशा र आक्रोशको सिद्धान्त, सामाजिक पहिचान सिद्धान्त, नेता र कार्यकर्ताको मनोविज्ञानको कसीमा राखेर मुख्य अवधारणा, कम्युनिस्ट आन्दोलनमा ती सिद्धान्तको प्रभावलाई उल्लेख गर्न सकिन्छ। सोदाहरणसहित तलको तालिकामा विषय प्रस्तुत गरिएको छ–

### *तालिका २. नेपालको कम्युनिस्ट आन्दोलनका विवाद र फुटमा मनोवैज्ञानिक सैद्धान्तिक प्रभाव*

| मनोवैज्ञानिक सिद्धान्त | मुख्य अवधारणा | कम्युनिस्ट आन्दोलनमा प्रभाव | उदाहरण |
|---|---|---|---|
| समूह मनोविज्ञान | नेता र कार्यकर्ताहरूको सोच, भावना र व्यवहार समूहमा आवद्ध भएपछि परिवर्तन हुन्छ | हाम्रो र तिम्रो जस्ता अपनत्व बोकेको गुटबन्दी र विभाजन, सहयात्रीबिच अविश्वास | समूहभित्र उपसमूह निर्माण हुनु र कार्यकर्ताले आफू सम्बद्ध भएको उपसमूहलाई सही ठान्नु |
| वैचारिक द्वन्द्व | आस्था र व्यवहारबिच असमानता भई मानसिक अकर्मण्यता पैदा हुने | वैचारिक मतभेद, रणनीतिक तथा कार्यनीतिक प्रश्नमा गम्भीर असहमति भएर द्वन्द्व पैदा हुनु | तेस्रो महाधिवेशनपछि विरोध र समर्थनको पक्षमा गुटबन्दी गर्दै पुष्पलाल र तुल्सीलालले आ–आफ्ना केन्द्रालय खोलेर फरक गुटको सञ्चालन गर्नु |
| निराशा र आक्रोश सिद्धान्त | एक समयमा निर्धारण गरेको लक्ष्य पूरा नभएपछि कार्यकर्ता र नेतृत्वबिचको खाडल गहिरो बन्दै जानाले निराशा र आक्रोश पैदा भई नेतृत्वले क्रान्ति गरेन वा परिवर्तन ल्याएन भन्ने जस्ता कार्यकर्ताले लगाउने आरोप | लक्ष्य पूरा नहुँदा नेतृत्वप्रति कार्यकर्ता तथा समर्थक पङ्क्तिको विश्वासमा कमी हुँदै आपसमा आरोप–प्रत्यारोप बढ्दै जानु र वैकल्पिक मार्गको खोजी गर्ने प्रवृत्ति तीव्र भएर गुटबन्दीले स्थान लिनु | तेस्रो महाधिवेशनपछि रायमाझीको राजावादी लाइन तुलसीलालको राष्ट्रिय प्रजातन्त्रको लाइन, पुष्पलालको विघटित संसदको पुनर्स्थापनाको लाइन, मोहनविक्रमको संविधानसभाको लाइन हुँदै पार्टी बहुकेन्द्रमा रूपान्तरण हुनु |

| | | | |
|---|---|---|---|
| सामाजिक पहिचान सिद्धान्त | समूह सदस्यताको आधारमा पहिचान बन्ने | आफ्नो गुट वा नेतासँगको पहिचान गहिरो, अन्य गुटलाई शत्रु मान्ने प्रवृत्ति | तेस्रो महाधिवेशनपछि रायमाझी, पुष्पलाल, तुल्सीलाल, मोहनविक्रम समर्थक बिचमा वैमनस्यता |
| नेता–कार्यकर्ता मनोविज्ञान | नेताको व्यक्तित्वले कार्यकर्ताको निष्ठा र व्यवहार निर्देशित गर्ने | नेताहरूको महत्त्वाकाङ्क्षाले समूहलाई विभाजित गर्ने, कार्यकर्तामा अन्धभक्त प्रवृत्ति बढ्ने | पुष्पलाल–मनमोहन–मोहनविक्रम–मोहन वैद्य–प्रचण्डका फरक फरक धारा |

***(यी सबै सिद्धान्तहरू मनोविज्ञान र सङ्गठनात्मक व्यवहारका क्लासिक स्रोतहरूबाट उद्धृत गरिएका छन् । (फ्रायड १९२२; मुलेन र गोयथल्स, १९८७; डोलार्ड लगायत, १९३९; ताजफेल एण्ड टर्नर, १९७९; बर्नस, १९७८; लुथान्स, २०११) ।***

उपर्युक्त तालिकाले के देखाउँछ भने नेपालको कम्युनिस्ट आन्दोलनका फुट तथा विवाद राजनीतिक वा वैचारिक कारण प्रमुख भए पनि मनोवैज्ञानिक पक्षले महत्त्वपूर्ण भूमिका खेल्दछ । वैचारिक र राजनीतिक पक्षलाई मात्र नभएर समग्र वैचारिक र राजनीतिक पक्षका मनोवैज्ञानिक प्रभावमाथि समेत ध्यान दिनु आवश्यक छ।

## नेकपा विभाजनमा मनोवैज्ञानिक प्रभावका विभिन्न आधार

नेकपा एउटा राजनीतिक सङ्गठन भएकोले त्यसमा भएको विवाद राजनीतिक भएको स्पष्ट बुझिन्छ। राजनीतिक विषयमा विचार, धारणा, मत वा विषयको असहमति भएर विवादले ठाउँ लिएको थियो। त्यो विवादको परिणामस्वरूप नेकपा आज विभिन्न समूहमा विभाजित रहेको छ। आआफ्नो विषयको सत्यता दाबी, व्यक्तिहरूको स्वार्थ र शक्ति प्राप्त गर्ने महत्त्वाकाङ्क्षाका साथै वर्गसङ्घर्षको नियमानुसार सामाजिक, राजनीतिक विषयलाई अगाडि बढाउने र बढाउन नचाहनेबिचको धारणाबाट नेकपामा विवाद आएको कुरा स्पष्ट छ।

तत्कालीन कार्यनीतिसम्बन्धी मतभिन्नताहरू, अन्तर्राष्ट्रिय कारण, कम्युनिस्ट पार्टीका नेताहरूको वर्गीय संरचना तथा महत्त्वाकाङ्क्षा र पार्टीभित्र देखा परेको अवसरवाद र बाह्य घुसपैठले विभाजनका लागि भूमिका खेलेका थिए (के.सी., १९९९, पृ. १५०)। महत्त्वाकाङ्क्षा नेपालको कम्युनिस्ट आन्दोलनमा विभाजनको महत्त्वपूर्ण कारणमध्ये मनोवैज्ञानिक पक्ष हो। यसका विभिन्न आधार तल विभिन्न शीर्षकमा विश्लेषण र चर्चा गरिएको छ–

***तालिका ३ : नेपालको कम्युनिस्ट आन्दोलन विभाजनका मनोवैज्ञानिक प्रभाव***

| विभाजन कारण र परिस्थिति | प्रमुख मनोवैज्ञानिक प्रभाव | विश्लेषण | उदाहरण |
|---|---|---|---|
| वैचारिक मतभेद | मानसिक तनाव र असुरक्षा | आफ्नो विचार मात्र सही भन्ने आग्रह, असहिष्णुता, अविश्वास र निराशा बढाउने | वि.सं.२०१४ मा दोस्रो महाधिवेशनमा राजतन्त्र र गणतन्त्रसम्बन्धी मतभेदबाट आग्रह, असहिष्णुता र अविश्वास बढ्दै गयो |
| | पदलोलुप, निराशा र हीनभावना | अवसर गुमाउने भय, उपेक्षित भएको ठान्ने धारणा | २००८ सालमा पुष्पलाललाई महासचिव हटाइनाले पुष्पलाल पक्षमा उपेक्षित भएको भाव पैदा भयो |
| सङ्गठनात्मक विवाद | समूहगत मनोविज्ञानको सङ्कट | गुटबन्दी, एकआपसमा अविश्वास, एकअर्कालाई दुश्मन ठान्ने प्रवृत्ति | तेस्रो महाधिवेशनपछि पार्टी अनेक गुटमा विभाजन भयो र एकअर्को समूहलाई दुश्मन बताउने प्रवृत्ति अगाडि आयो |
| बाह्य हस्तक्षेप | कठपुतली गुट निर्माण हुने खतरा | बाह्य शक्तिको अन्धाधुन्दा अनुकरण गर्ने | चीनपन्थी, रुसपन्थी र नक्सालाइट प्रवृत्तिहरू देखा परे |
| लगातार फुट | निराशा र राजनीतिप्रति उदासिनता | दीर्घकालीन लक्ष्यप्रति अविश्वास, नेता कार्यकर्ताको मनोबलमा गिरावट | रायमाझी समूह, तुलसीलाल समूह, पुष्पलाल समूह, मोहनविक्रम समूह, मनमोहन समूह, मानन्धर समूह, वर्मा समूह, झापाली समूह आदिको उदय भयो |

| | | | |
|---|---|---|---|
| असफलताहरू (क्रान्ति गर्न असफल, सत्तामा पुग्न असफल) | आक्रोश पैदा भई नेतृत्वको विरोध गर्ने । विभाजक बन्दै जानु | क्रान्ति गर्न नसक्ने नेतृत्व, क्रान्ति सम्भव छैन, आदि चरम असन्तोष र निराशा पैदा हुन जानु | समूह उपसमूहमा विभाजित हुने प्रक्रियाले निरन्तरता पायो । चुनावी र शान्तिपूर्ण बाटो अबलम्बन गर्दै जाने प्रवृत्तिले स्थान लियो |

***यो तालिकामा कारण र परिस्थिति, प्रमुख मनोवैज्ञानिक प्रभाव र विश्लेषणको सन्दर्भ मनोवैज्ञानिक सिद्धान्तको अवधारणाबाट तयार गरिएको छ । (फ्रायड, १९२२, पृ. ६०-६१; मुलेन एण्ड् गोयथल्स, १९८७, पृ. १५; ताजफेल एण्ड टर्नर, १९७९, पृ. ३७; डोलार्ड लगायत, १९७९, पृ. ६८) । तालिकामा दिइएका उदाहरणका उद्धरण विभिन्न लेखकहरूको लेखका आधारमा समेटिएका छन् । (सिह, १९९०; रावल, १९९०; के.सी, १९९९; मिश्र, २००१, सापकोटा, २०१८)***

उपर्युक्त तालिकाबाट नेपालको कम्युनिस्ट आन्दोलनमा हुँदै आएका विभाजन राजनीतिक र सङ्गठनात्मक परिणाम मात्र नभई मनोवैज्ञानिक प्रभाव पनि गहिरो रहेको स्पष्ट हुन्छ ।

## *महासचिवबाट पुष्पलाल विस्थापित*

वि.सं. २००८ सालमा पुष्पलाललाई महासचिवबाट हटाइएपछि नेकपाभित्र मनोवैज्ञानिक रूपले गुटवादको विजारोपण भएको थियो । महासचिवबाट हटाउने तथा नहटाउनेबिचको कित्ता अप्रत्यक्ष रूपमा कायम हुन गयो । यो घटनाको फलस्वरूप पार्टीभित्र नेतृत्वको लागि अन्त्यहीन विवाद सुरु भयो (के.सी, १९९९, पृ. १७२) । यो त्यति बेला पुष्पलालसँग जोडिएको सामान्य विषयजस्तो देखिए पनि त्यसले नेपाली कम्युनिस्ट आन्दोलनमा पार्ने मनो वैज्ञानिक असरलाई नजरअन्दाज गरियो । उक्त घटनाको मनोवैज्ञानिक प्रभावका रूपमा नेतृत्वको लागि षडयन्त्र, विश्वासघात, एकआपसमा आग्रह र पूर्वाग्रह, एकअर्काको तेजोबध गर्ने प्रवृत्ति, असहमतिलाई नेतृत्व कब्जा गर्ने साधनका रूपमा प्रयोग गर्ने आदि क्रियाकलापले स्थान प्राप्त गरेका छन् । पुष्पलाललाई महासचिवबाट मुक्त गरी मनमोहन अधिकारी महासचिव हुनुमा तुलसीलालका अनुसार मनमोहन अधिकारीको प्रमुख हात थियो, मणिकलाल श्रेष्ठका अनुसार शैलेन्द्रकुमार उपाध्यायले षडयन्त्र रचेका थिए र मनमोहन अधिकारीका अनुसार पार्टीभित्र विवाद उठेकाले सर्वमान्य व्यक्तिलाई नेतृत्वमा ल्याइएको थियो (रावल, १९९० पृ. ३६–३७) । गोतामे (२००९) ले नेकपाको प्रथम सम्मेलनदेखि नै मनमोहन र पुष्पलालका बिचमा गुटबन्दी पैदा भएको उल्लेख गरेका छन् । दीक्षित (१९९५) ले शैलेन्द्र कुमार उपाध्यायले गण्डक प्रान्तीय समितिका सदस्यहरूसित पुष्पलालका विरुद्ध र मनमोहनका पक्षमा गुटबन्दी गरेको उल्लेख गरेका छन् । यी सबै भनाइले नेतृत्व कब्जा गर्ने महत्त्वाकाङ्क्षा, षडयन्त्र र अर्को पक्षको तेजोबध गर्न आफ्नो पक्षलाई समस्या समाधानको सर्वमान्य विकल्पका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति उजागर गरेका छन् । तुलसीलाल (२००५) का अनुसार पहिलो महाधिवेशनमा शैलेन्द्र उपाध्यायले पोष्ट अफिसबाट पाएको भन्दै एउटा पत्र पेस गरे । त्यो पत्रमा निरञ्जन गोविन्द वैद्यले महोत्तरीका इन्द्रबहादुर मल्ललाई तुलसीलाललाई समर्थन गर्नुपर्छ भन्ने लेखिएको थियो । तर त्यो पत्रबारे न त इन्द्रबहादुरलाई थाहा थियो न त निरञ्जन गोविन्दलाई नै । उक्त पत्र त्यसरी लेख्नुपर्ने कारण पनि थिएन । त्यसैले त्यो पत्र नक्कली थियो । त्यो विषयसँग सम्बन्धित इन्द्रबहादुर र निरञ्जन गोविन्दलाई सोधपुछ गरिएको भए पनि त्यसको ठोस प्रमाण फेला परेन । यद्यपि उनीहरूमाथि गुटबन्दीको आरोप लगाइयो र विनाछानबिन ६ महिनाका लागि कारबाही गरियो ।

तुलसीलालको भनाइबाट उक्त पत्र पुष्पलाललाई विस्थापित गर्नका लागि बनाइएको योजनाबद्ध षडयन्त्र थियो भन्ने बुझिन्छ । पुष्पलालका विरुद्धमा मनमोहन, शैलेन्द्रलगायतले गुटबन्दी गरेर उक्त चिठीलाई षडयन्त्रको रूपमा प्रस्तुत गरिएको थियो । उक्त षडयन्त्रले पुष्पलाललाई त विस्थापित गर्‍यो नै, त्यसका साथै निरञ्जन गोविन्द तथा इन्द्रबहादुरलाई समेत कारवाही गरियो र षडयन्त्रकारीहरूको विजय भयो । मनमोहनले आफैँलाई सर्वमान्य बताउन पुगे भने शैलेन्द्रको षडयन्त्र पनि सफल हुन पुग्यो । यो घटनालाई केसरजङ्ग (२००२) ले परिपक्व छन् भन्ने तर्कका आधारमा निर्णय गरिएको, लामा (२००३) ले धेरै गल्तीमध्ये

एउटा गल्ती, शम्भुराम (२००६) ले षडयन्त्र बताएका छन् भने डीपी अधिकारी (२००९) ले मनमोहन अधिकारलाई समर्थन गरेको उल्लेख गरेका छन् (सापकोटा, २०१८ पृ. ७०)। यता पुष्पलालले आलाकाँचा स्वभावका नेताहरूका कारणले आफूलाई हट्नुपरेको भन्ने धारणा राखेका छन् (पुष्पलाल, १९९६)। जे होस् यस घटनाबाट नेतृत्व कब्जा गर्ने पक्षको मनोविज्ञानमा सफलताको सञ्चार गराएको भए पनि विस्थापित पक्षमा तुषको मनोविज्ञान उत्पन्न हुन गएको थियो। यो बदला, अस्वीकृति, विरोध र अविश्वासको गहिराइसम्म फैलिँदै गयो।

## *नेकपामाथिको प्रतिबन्ध फुकुवा भएपछि मतान्तर*

नेपाल कम्युनिष्ट आन्दोलनको प्रारम्भिक चरणमा देखा परेको संवैधानिक राजतन्त्र स्वीकार्ने वा नमान्ने विषयले आन्तरिक विभाजनको गहिरो मनोवैज्ञानिक तथा वैचारिक आयाम प्रस्तुत गर्छ। नेकपामाथि प्रतिबन्ध लाग्दा नै मनमोहन अधिकारी र पुष्पलाल श्रेष्ठ संवैधानिक राजतन्त्रप्रति सहमत रहँदा तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठ र कमलराज रेग्मीले त्यसको विरोध गर्दै गणतन्त्रको मार्गलाई समर्थन गरेका थिए (सिंह, २०००, पृ. २८३)। यसले पार्टीभित्र वैचारिक अस्थिरता र रणनीतिक असमञ्जस उत्पन्न गरेको स्पष्ट हुन्छ। पार्टी फुकुवाका लागि जारी गरिएको वक्तव्य, जसले संवैधानिक राजतन्त्रलाई स्वीकार्ने सङ्केत गरेको थियो। अन्ततः नेतृत्वबिच अविश्वास र शक्तिसङ्घर्षको केन्द्रबिन्दु बन्यो। मनमोहन र पुष्पलाल दुवै राजा महेन्द्रको राज्याभिषेकमा सहभागी भएपछि पुनः उक्त वक्तव्यको विरोधमा उत्रनुले उनीहरूको स्थिर वैचारिक दृष्टिकोणभन्दा पनि परिस्थितिअनुसारको व्यावहारिक–अवसरवादी प्रवृत्तिलाई प्रकट गर्छ (सापकोटा, २०१८, पृ. ८०)।

यस प्रक्रियामा व्यक्तिगत महत्त्वाकाङ्क्षा, इगो र आत्मप्रतिष्ठाको चाहनाले सामूहिक उद्देश्यभन्दा प्रमुख स्थान ओगटेको देखिन्छ। पुष्पलालको 'क्रान्ति क्रान्ति क्रान्ति' (पुष्पलाल, १९९६, पृ. ३९) भन्ने नारासँग तुलना गर्दा संवैधानिक राजतन्त्रमा सहभागिताले उनको मनोवैज्ञानिक द्वन्द्व र रणनीतिक अस्थिरता प्रकट गर्छ। नेतृत्वमा रहेको यस्तो आत्मकेन्द्रित मनोवृत्तिले वैचारिक स्थायित्वलाई कमजोर पार्दै पार्टीभित्र शक्तिको प्रतिस्पर्धा, आरोपप्रत्यारोप र पारस्परिक अविश्वासको संस्कृतिलाई जन्म दियो। अन्ततः वैचारिक मतभेदलाई व्यक्तिगत स्वार्थ र मनोवैज्ञानिक अस्थिरताले प्रतिस्थापन गरेपछि पार्टी विभाजन अपरिहार्य बन्यो, जसले नेपाली कम्युनिष्ट आन्दोलनको ऐतिहासिक विकासलाई गहिरो रूपमा प्रभावित गर्‍यो।

## *नीति र नेतृत्वको तालमेल नहुनु*

दोस्रो महाधिवेशनमा गणतन्त्रको लाइन पारित भए पनि नेतृत्वमा राजावादी केसरजङ्ग रायमाझी आए। यसले नीति दिने र नेतृत्व दिने पक्षको मनोविज्ञानलाई गम्भीर प्रभाव पारेको थियो। यस अर्थमा नीति भएका गणतन्त्र लाइन पक्षधरले रायमाझीको नेतृत्वलाई स्वीकार गर्न तथा रायमाझीले उनीहरूको नीतिलाई कार्यान्वयन गर्न सम्भव थियो वा थिएन ? भन्ने प्रश्न खडा गर्छ। यी दुवैलाई एक ठाउँमा भेला गर्ने कडीको रूपमा महाधिवेशनको निर्णय भए पनि व्यक्तिगत अहम्ता तथा महत्त्वाकाङ्क्षाको मनोविज्ञान मापन गर्न सकिने अवस्था थिएन। कालन्तरमा महाधिवेशनको निर्णयभन्दा पनि नेतृत्वको दाउपेच गर्ने प्रवृत्ति बढेर गयो। परिणामस्वरूप कुनै राजनीतिक घटना अगाडि आउनेबित्तिकै त्यसैलाई हतियार बनाएर एकले अर्कालाई हिर्काउने खेल चल्न थाले। त्यस सन्दर्भमा वि.सं. २०१७ को शाही कदम विशेष हतियार बन्न गयो, जसको माध्यमबाट आफ्नो आफ्नो शक्ति निर्माण गर्ने प्रयास भए। राजावादीका आरोप लागेका रायमाझीलाई तेस्रो महाधिवेशनले निष्कासन गर्‍यो। यसरी नीति र नेतृत्वको तालमेल नहुनाले नीति र नेतृत्वको स्वीकारोक्ति मनोवैज्ञानिक रूपमा असहज बन्दै कालन्तरमा अनेक परिघटनामा विकसित भएर पार्टी नै विभाजित बन्न पुग्यो।

## *संविधान सभाको नीति कार्यान्वयन गराउनेसम्बन्धी*

वि.सं. २०१७ सालको पौष १ गते शाही घोषणाद्वारा

मौलिक हकअधिकार खारेज गरिनुका साथै राजनीतिक दलहरूमाथि प्रतिबन्ध लागेपछि पनि सोही वर्षको फागुनमा बसेको दरभङ्गा विस्तारित बैठकमा संविधानसभाको चुनावको लाइन भारी मतले पारित भयो। यद्यपि केन्द्रीय समितिले विस्तारित बैठकको उक्त निर्णयलाई कार्यान्वयनमा लगेन। तत्कालीन नेतृत्वमा रहेका रायमाझीले संविधानसभाको साटो संसदको चुनाव गराउने षडयन्त्रमा राजाको ताबेदारी गरेको भनिएको छ (पुष्पलाल, १९९६, पृ. १०६)। राजावादी मनोविज्ञानबाट निर्देशित भएकाले त्यो विषय कार्यान्वयनमा नगएको देखिन्छ। यसरी सामूहिक रूपमा भएको निर्णय र पारित नीतिलाई कार्यान्वयन गराउँदा आफ्नो फरक मत ओझेलमा पर्नुका साथै नेतृत्वदायी भूमिका पनि सङ्कटमा पर्ने भयले आफ्नो सोचाइअनुसार नभएमा कार्यान्वयनमा नलैजाने प्रवृत्तिले नेतृत्वको मनोविज्ञान उजागर गर्दछ।

## *महाधिवेशन सफल तर भावनात्मक विभाजन*

तेस्रो महाधिवेशन (वि.स.२०१९) मा तुलसीलालले सर्वसत्ता सम्पन्न संसद, पुष्पलालले विघटित संसदको पुनर्स्थापना र मोहनविक्रमका तर्फबाट बलराम उपाध्यायले संविधान सभाको प्रस्ताव प्रस्तुत गरेका थिए। यी प्रस्तावका बारेमा महाधिवेशनमा व्यापक छलफल भएको थियो। महाधिवेशनमा उपस्थित ८५ जना प्रतिनिधिमध्ये ८२ जनाको मत पाएर तुलसीलालको सर्वसत्ता सम्पन्न संसदको राजनीतिक प्रतिवेदन पारित भयो। पुष्पलालको विघटित संसदको पुनर्स्थापना प्रस्तावले २ मत र संविधानसभाको प्रस्तावले १ मत प्राप्त गरेको थियो। महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको अवधारणाको समर्थन गर्‍यो (मिश्र, २००१, पृ. २१) त्यसरी पारित भएको कार्यक्रमप्रति महाधिवेशनमा कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गरिएको भए पनि नेताहरू खासगरी तुलसीलाल तथा पुष्पलालबिच महाधिवेशन लगत्तै मतान्तर बढ्दै गयो। एकले अर्कालाई संशोधनवादीको बिल्ला भिराउन  थाले। सामान्यतया महाधिवेशनले पारित गरेका विषयलाई कार्यान्वयन गरेर जानुपर्ने जनवादी केन्द्रीयताको नियमलाई नेताहरूले धोती बनाएका थिए। उनीहरू आफ्नो वशका मालिक आफैँ भएर बेग्लाबेग्लै केन्द्रालय सञ्चालन गर्न थाले। यस घटनामा सैद्धान्तिक विषय मुख्य भएको भए पनि पार्टीको अनुशासनलाई मान्ने र आफ्नो विचारको पैरवी गर्दै जाने अवस्था अवश्य पनि रहन सक्दथ्यो। तर विभाजनको मनोविज्ञानले ग्रस्त भएका नेताहरू समस्या समाधानको बाटोतिर उन्मुख हुनुको सट्टा विभाजनतिर बढी आकर्षित हुँदै गए। अनि पार्टी फुटको डिलमा गएर खडा भयो (के.सी., १९९९, पृ. १९६)।

## *पार्टी एकतासम्बन्धी पुष्पलालको अस्वीकृति*

मोहनविक्रम सिंह वि.सं. २०२७ सालमा जेलबाट रिहा भएपछि मनमोहन, मोहनविक्रम, शम्भुरामलगायतले पार्टीको पुनर्गठन गर्नेतर्फ पहल गरे। उनीहरूले पुष्पलालसित एकताबद्ध जाने निधो गरेर वार्ताका लागि मनमोहन तथा शम्भुरामलाई अगाडि सारे (पुरी, २०२२, पृ. १८८)। पुष्पलालले आफूले वि.सं. २०२५ सालमा तेस्रो राष्ट्रिय सम्मेलन गरी निर्माण गरेको गठन गरेको पार्टीमा आवद्ध भएर अगाडि बढ्नुपर्ने धारणा राखेपछि उनीसितको एकता सफल हुन सकेन (मोहनविक्रम सिंहसित २०७७ पौष २३, २४ र २५ गते लेखकद्वारा लिइएको अन्तर्वार्ता)। मनमोहन, मोहनविक्रम, शम्भुरामहरूलाई पुष्पलालले गठन गरेको पार्टीमा आवद्ध भएर अगाडि बढ्न नहुने, पुष्पलालले उनीहरूसँग मिलेर नयाँ पार्टी बनाउन तयार नहुने कुन प्रकारको मनोविज्ञानले काम गरेको थियो ? उनीहरूबिचमा एकता नहुनाको कारण वैचारिक मतभेद थिएन भन्ने कुरा त मनमोहन र मोहनविक्रम पक्ष पुष्पलालसित एकताको प्रस्ताव लिएर गएको तथा पुष्पलालले उक्त प्रस्तावलाई अस्वीकार गरेर आफूले बनाएको पार्टीमा उनीहरू सामेल हुनुपर्ने प्रस्ताव अगाडि सारेको तथ्यबाट स्पष्ट छ। यसबाट पदलोलुप मनोविज्ञानले काम गरेको स्पष्ट छ। यो मनोविज्ञानका अनुसार सत्ता, पद, हैसियत, अधिकार वा प्रतिष्ठा प्राप्तिका लागि सामान्य आकाङ्क्षाको सीमा पार गरी अत्यधिक इच्छा वा मानसिकता प्रबल बन्दछ। सङ्गठनमा व्यक्तिको व्यवहार त्यो रूपमा देखिन्छ भने यसलाई पदलोलुप

मनोविज्ञानका रूपमा लिन सकिन्छ (लुथान्स, २०११)। यसबाट एकअर्काको प्रस्तावमा सामेल हुँदा अवसर गुमाउने भय तथा उपेक्षित हुन सक्ने धारणाबाट नेताहरू ग्रसित भएको निष्कर्ष दिन सकिन्छ। त्यही मनोविज्ञानले उनीहरूलाई विभाजनतिर  पुऱ्यायो।

## मनमोहनको न्यूक्लियसबाट बर्हिगमन

२०२८ सालमा मनमोहन, मोहनविक्रम आदिको पहलमा केन्द्रीय न्यूक्लियस गठन भयो। उक्त न्यूक्लियसको उद्देश्य चौथो महाधिवेशन गराएर नेकपाको एकीकृत सङ्गठन निर्माण गर्नु थियो। त्यसअनुसार काम पनि अगाडि बढाइयो तर मनमोहनले महाधिवेशन स्थल सार्वजनिक गरिदिएकाले उक्त आयोजना रद्ध गर्दै मनमोहनलाई पार्टीबाट हटाइयो । मनमोहनसँगै भरतमोहन अधिकारी, कमल कोइरालाले पनि केन्द्रीय न्यूक्लस त्याग गरे (पुरी, २०२४, पृ. २१०) । मनमोहनले केन्द्रीय न्यूक्लियसको निर्णय सार्वजनिक गर्नुको पछाडि पार्टीको कामलाई अगाडि बढ्न नदिनु थियो अथवा अन्य कारण ? थाहा हुन सकेन। पदीय हैसियतमा मनमोहन माथि भए पनि निर्णयमा मोहनविक्रम सिंहको शक्ति बढ्दै गएको थियो (पोखरेल, २००७, पृ. ३२) यसको अर्थ केन्द्रीय न्यूक्लियसमा मोहनविक्रमको प्रभावले मनमोहन आफूलाई उपेक्षित ठान्दै हीनभावना अनुभव गर्न पुगे, जसले प्रतिपूरक व्यवहार उत्पन्न गरायो (एडलर, १९५६) । चौथो महाधिवेशनको निर्णयमा आफ्नो योगदान कमजोर भएपछि उनको विश्वास र वास्तविकताबिच संज्ञानात्मक द्वन्द्व उत्पन्न भयो (फेस्टीन्गार, १९५७)। यसले उनी असन्तुष्ट भएर महाधिवेशन असफल बनाउनेतर्फ उन्मुख भए, जुन शक्ति–असमानताबाट प्रेरित सङ्गठनात्मक राजनीतिक व्यवहार थियो (लुथान्स, २०११)। पार्टीले यसलाई अनुशासनविपरीत ठहऱ्याई कारबाही गऱ्यो, जसले मनोवैज्ञानिक तनाव र पहिचान–खतरा अन्ततः विवाद र फुटतर्फ विकसित भएको देखाउँछ। तर श्रेष्ठ (२००६) ले मोहनविक्रम सिंहको सङ्कीर्ण र गुटवादी प्रवृत्ति न्युक्लियसको पहिलो बैठकमै देखा परेकोले पार्टीमा स्वच्छ ढङ्गले काम हुन नसक्ने सङ्केत देखिएको भनेका छन् । यसको अर्थ मनमोहनको नेतृत्व साँचिच्कै निरीह थियो । न्यूक्लियसको सेक्रेटरी रहेका मनमोहनले सङ्कीर्ण र गुटवादी मोहनविक्रमलाई पार्टीबाट निकाला गरेर फराकिलो पार्टी निर्माण गर्न सक्थे । किन आफू नै न्यूक्लिसबाट बाहिरिए ? श्रेष्ठको भनाइमा सत्यता छैन वा मनमोहन, शम्भुरामलगायत निरीह भएर नेतृत्वमा बसेका थिए । उपाध्याय (२०१३) ले मनमोहनको तुलनामा मोहनविक्रम हार्डलाइनर भएको तथा भारतका कम्युनिस्ट समूहसँग सम्बन्ध राख्ने विषयमा मतमतान्तर थियो भन्ने उल्लेख गरेका छन् (सापकोटा, २०१८, पृ. १११)। यसको अर्थ भारतका कम्युनिस्ट समूहसँग सम्बन्ध भएका मनमोहनलाई सुरुदेखि नेकपामा प्रभाव पार्दै आएको भारतीय कम्युनिस्टहरू (लावती, २००५, पृ. ४१), जसप्रति मोहनविक्रमले कडा नीति अपनाउनुपर्ने जोड दिएको भन्ने बुझिन आउँछ। यी सबै भनाइबाट मोहनविक्रम न्यूक्लियसभित्र निर्णायक र शक्तिशाली बनेकोले मनोवैज्ञानिक हिन्नताबोध थियो भन्ने आधार पाइन्छन् । तर त्यो कुरा सधैँ र ध्रुवसत्य थिएन, सामूहिक निर्णय प्रणालीमा विभिन्न निर्णय सन्दर्भमा बेग्लाबेग्लै पक्ष अगाडि आउँछन् तथा जान्छन् भन्ने कुरा मनमोहनलाई थाहा नहुने विषय पनि थिएन। जे भए पनि समूहगत मनोविज्ञानको सिकार केन्द्रीय न्यूक्लियस बन्न पुग्यो। मनमोहन बाहिरिए र उनी न्युक्लियसका मुख्य नेता भएर पनि 'हाम्रो गुट' र 'उनीहरूको गुट' को मनोविज्ञानले पार्टीलाई विभाजनतर्फ लग्यो।

## न्यूक्लियस र कोअर्डिनेशन कमिटी मनोविज्ञान

कोअर्डिनेसन कमिटी र न्यूक्लियसबिचको वैचारिक खाडल झापा विद्रोहको पृष्ठभूमिबाट उत्पन्न भएको अन्तर्समूह मनोविज्ञानको परिणाम थियो। दुवै पक्षले आफूलाई सही र अर्को पक्षलाई गलत ठहऱ्याउँदै पहिचान–संरक्षण तथा उन्नत देखिनुपर्ने मनोवृत्तिबाट व्यवहार गर्थे (ताजफेल र टर्नर, १९८६)। नीतिगत निर्णयहरू पनि स्वतन्त्र विश्लेषणभन्दा बढी सामाजिक तुलना र अनुकरण–प्रेरणाबाट निर्देशित भए (फेस्टीनगर, १९५४)। एकअर्काप्रति शङ्का, अविश्वास र आरोपप्रत्यारोप अन्तर्समूह द्वन्द्व र राइभलरी मनोविज्ञानका

लक्षण थिए (शेरिफ, १९६६; ब्रेवर, १९९९)। यसैले जनमत सङ्ग्रहसम्बन्धी नीति पनि वैज्ञानिक मूल्याङ्कनभन्दा मनोवैज्ञानिक प्रतिस्पर्धाबाट प्रभावित भयो। मैत्रिकभन्दा शत्रुतापूर्ण प्रवृत्तिले स्थान लिए।

## *घटाउको मनोविज्ञान*

एकले अर्कालाई घटाउ गर्नैपर्ने मनोविज्ञानले सबै नेताले एकअर्काका विरुद्ध विभिन्न तिकडम गर्ने परिपाटी थियो। त्यो कार्य चाहे व्यक्तिगत इगोका रूपमा होस् वा सैद्धान्तिक–वैचारिक नाममा नै किन नहोस्, पुष्पलाल स्वयं, मनमोहन, शैलेन्द्र उपाध्याय, तुलसीलाल, केसरजङ्ग, मोहनविक्रम सबै आआफ्नो प्रकारले प्रयत्नरत रहेका थिए। प्रथम राष्ट्रिय सम्मेलनले पारित गरेका फैसलालाई 'वामपन्थी भूल भएको' भनी केन्द्रीय समितिमा उठाउन थालियो र नेपालमा क्रान्ति सशस्त्र नभई शान्तिपूर्ण ढङ्गले सम्पन्न हुन सक्छ भनी उत्तरतिरको समाजवादी चीन र दक्षिणतिको गणतन्त्रवादी भारतलाई देखाएर नेपालमा परिवर्तन सशस्त्र नभई शान्तिपूर्ण ढङ्गले सम्पन्न हुन सक्ने आदि कुरालाई देखाएर मोहनविक्रमले शान्तिपूर्ण परिवर्तनको पक्षमा वकालत गरेका छन् (पुष्पलाल, १९९६, पृ. ८३)। तर यस विषयमा मोहनविक्रमको भनाइ फरक छ। उनले त्यस प्रकारको धारणा कतै पनि प्रस्तुत नगरेको र आफ्नो पुस्तक सामाजिक परिवर्तन शान्तिपूर्ण अथवा सशस्त्र ? मा विपी कोइरालाका क्रान्तिसम्बन्धी विचारको आलोचनाका लागि लेखिएको बताउँछन् (मोहनविक्रम सिंहसँग २०८२ असोज २२ गते गरिएको कुराकानी)। पुष्पलालको भौतिक उपस्थिति सम्भव नभएकाले उनको भनाइ सत्य भएनभएको अन्य प्रमाणका लागि राजनीतिक दस्तावेज वा मोहनविक्रमद्वारा जारी कुनै वक्तव्य, लिखित पुस्तक वा रेकर्ड गरिएका श्रव्यसामग्री आवश्यक पर्ने छ। तबसम्मका लागि यो एउटा मिथ्या कथनका रूपमा रहने अवस्था हुन्छ। पुष्पलाल (१९९६) ले आफूलाई राम्रो देखाउन अनेक प्रयास गर्दा अरूलाई गम्भीर आक्षेप लगाउने, शम्भुराम (२००६) ले मोहनविक्रमलाई सङ्कीर्णवादी तथा गुटबादी भनेर आरोप लगाएका, झापालीहरूले मोहनविक्रमलाई अनेक हेयपूर्ण गाली गरेका (सिंह, १९९४, पृ. १९७), सिंह (१९९५) ले एउटा किताबको नाम 'गद्दार पुष्पलाल' (हाल उक्त पुस्तकको नाम 'क्रान्ति वा भ्रान्ति' ?) राखेको, रोहित (१९७६) ले अन्यलाई खोटा विचार बताएर आफूलाई सद्दे सावित गर्न खोजेका अनेक उदाहरण पाउन सकिन्छ। जुनसुकै सिद्धान्त र दर्शनबाट प्रभावित भए पनि गालीगलौज जति सबै आत्मकेन्द्रित मनोवैज्ञानिक प्रभावबाट उत्पन्न भएका विषय हुन्। नेपाली कम्युनिस्ट आन्दोलनमा तिनको गम्भीर प्रभाव परेको छ र विभाजनको अवस्थाबाट गुज्रिनका लागि मार्ग प्रशस्त गरेका छन्।

## *अन्तर्राष्ट्रिय प्रभाव*

खड्का (१९९५) का अनुसार सन् १९५० को दशकमा भारतीय कम्युनिस्ट पार्टीको नीति संसदीय चुनावको प्रयोग गर्नु रहेको थियो। उक्त नीति पछ्याउने पहिलो पुस्ताका नेपाली कम्युनिस्ट नेताहरूमा राजनीतिक शक्ति प्राप्त गर्न बन्दुकको नाल एकमात्र माध्यम होइन। उनीहरूले १९५७ मा भारतको दक्षिणको पश्चिमी राज्य केरलामा लोकतान्त्रिक रूपमा निर्वाचित कम्युनिस्ट नेतृत्वको सरकार बनेको देखेका थिए। १९५९ मा भएको संसदीय चुनावमा नेपाली कम्युनिस्टहरूले भाग लिएका थिए। त्यसको प्रभाव नेपाली कम्युनिस्टलाई पनि गहिरो रूपले परेकाले उनीहरू सुरुदेखि नै चुनावको राजनीतितर्फ बढी आकर्षित भएका थिए। पुष्पलाललाई नेतृत्वबाट विस्थापित गर्नुमा नेकपाको आन्तरिक राजनीतिक खेल मात्र नभएर भारतीय कम्युनिस्ट नेताहरूको स्वार्थ तथा चासोले पनि काम गरेको देखिन्छ (सापकोटा, २०१८, पृ. ७०)। मनमोहनको भारतीय कम्युनिस्ट पार्टीका नेताहरूसँग सम्बन्ध भएकाले उनीहरूले आफू अनुकूलको बनाउन चाहेको कुरा स्पष्ट थियो। उनीहरूको स्वार्थ, मनमोहनको व्यक्तित्व तथा नेतृत्वमा आउने र हटाउने खेल र षडयन्त्रका आधारमा पुष्पलाललाई विस्थापित गरिएको थियो। अन्तर्राष्ट्रिय प्रभावका रूपमा सोभियत सङ्घ र चीनको विवादले नेपालका कम्युनिस्टलाई पनि प्रभावित गऱ्यो। स्तालिनपछिको सोभियत–चीन बहसले नेपालमा चीनपन्थी तथा रुसपन्थी धार निर्माण गऱ्यो। यी धारबिच देखिएको अविश्वास, वैचारिक कट्टरता र

एकअर्कालाई गलत ठहऱ्याउने प्रवृत्ति सामाजिक पहिचान सिद्धान्तअनुसार समूहहरूले आफ्नो वैचारिक पहिचान बचाउन गर्ने प्रयास हो (ताजफेल र टर्नर,, १९८६)। वैचारिक प्रभुत्व स्थापनाको प्रतिस्पर्धाले अन्तर्समूह द्वन्द्व मनोविज्ञानलाई सक्रिय गऱ्यो (शेरिफ, १९६६)। साथै आफ्नो धारलाई सही सावित गर्न र विरोधीलाई विचलित देखाउन गरिएको आग्रह संज्ञानात्मक द्वन्द्व र एट्रिब्युसन त्रुटिको परिणाम हो (फेस्टीनगर, १९५७; हेडर, १९५८)। यसैले दुवै धार एक ठाउँमा आउन सकेनन्।

## *निष्कर्ष*

नेपालको कम्युनिस्ट आन्दोलनमा रहेका विवाद र फुटहरू बहुआयामिक प्रक्रिया हुन्। यी वैचारिक असहमतिका मात्र परिणाम नभएर सङ्गठनात्मक अस्थिरता, नेताको व्यक्तित्व, कार्यकर्ताको मनोवैज्ञानिक अवस्था तथा बाह्य राजनीतिक प्रभावहरू संयुक्त परिणाम हुन्। विभिन्न मनोवैज्ञानिक सिद्धान्तका आधारमा समूह मनोविज्ञान, वैचारिक द्वन्द्व, निराशा–आक्रोश सिद्धान्त, सामाजिक पहिचान सिद्धान्तबाट नेता र कार्यकर्ताको सोच र भावना तथा व्यवहार गहिरो रूपमा प्रभावित भएका हुन्छन्। यसले मनोवैज्ञानिक कारणलाई निर्णायक बनाउँछ। नेतृत्वको व्यक्तित्व र महत्त्वाकाङ्क्षाले वैचारिक मतभेद, व्यक्तिगत विरोध र गुटबन्दीमा रूपान्तरण गर्दछ। बाह्य हस्तक्षेप, विदेशी भाइचारा पार्टीहरूको अनावश्यक प्रभावले मौलिकतालाई समाप्त गरेर लैजान्छ। रणनीति र कार्यनीतिको असफलताले पार्टीभित्र आक्रोश र निराशा उत्पन्न हुन्छ र नेतृत्वप्रतिको विश्वासमा कमी हुँदै जान्छ। सिद्धान्त र व्यवहारबिचको अन्तरविरोधले फुटलाई नजिक ल्याउँछ। यसर्थ भविष्यका विभाजनलाई रोक्न वा न्यूनीकरण गर्न राजनीतिक एकतालाई विचारका साथै भावनात्मक र मनोवैज्ञानिक सन्तुलनमा निर्भर गराइनुपर्दछ। सङ्गठनात्मक अनुशासन र मनोवैज्ञानिक एकरूपता अपरिहार्य छ।

## *सन्दर्भ सामग्रीसूची*


अमात्य, टी.एल.(२००५). *संस्मरणका पानाहरू.* (सं. दिवस अमात्य). ललितपुर : तुल्सी लाल स्मृति प्रतिष्ठान।

के.सी., एस. (१९९९). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास.* (पहिलो भाग). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

गोतामे, ध.च. (२००९). 'शिखर पुरुष'. *नवयुग.* २०(१) (पृ. ४९–५२). काठमाडौँ : केन्द्रीय प्रचार विभाग नेकपा (एमाले)।

दीक्षित, एम. (१९९५). 'अधिकारीको भारत भ्रमण र नेपाल भारत सम्बन्ध'. *गोरखापत्र.* ९४(३४६). पृ. ६।

पुरी, आर.पी. (२०२२). *कम्युनिस्ट आन्दोलनमा मोहनविक्रम सिंह.* काठमाडौँ : वीरगाथा पब्लिकेशन प्रा.लि.।

पुरी, आर.पी.(२०२४). 'नेपालको कम्युनिस्ट आन्दोलनमा केन्द्रीय न्यूक्लस'. *हिसान.* १० (१), २०८–२२१. https://doi.org/10.3126/hisan.v10i1.74927

पुष्पलाल. (१९९६). *नेपालमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास.* काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान, केन्द्रीय कार्यालय।

मिश्र, बि. (२००१). *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म.* काठमाडौँ : सुनौलो विहानी अभियान।

रायममाझी, के.जे.(२००२). *केही सम्झना केही चिन्तन.* काठमाडौँ : श्रीमती बनिता पाण्डे।

रावल, बि. (१९९०). *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास.* काठमाडौँ : पैरवी प्रकाशन।

रोहित.(१९७६). *नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारहरूको खण्डन.* काठमाडौँ : बागमती अञ्चल समिति।

लामा, एन.(२००३). *निर्मल लामाका केही रचनाहरू.* (सं. निनु चापागाइँ ). काठमाडौँ : निर्मल लामाका सङ्कलित रचना तथा स्मारिका प्रकाशन समिति।

श्रेष्ठ, एस.आर. (२००६). *मेरो राजनीतिक जीवनका संस्मरणहरू.* काठमाडौँ : ग्वाहालि गुथि शम्भुराम श्रेष्ठ कृति प्रकाशन समिति।

सापकोटा, डी.आर. (२०१८). *मनमोहन अधिकारी : नेपाली राजनीतिमा ६ दशक.* काठमाडौँ : मण्डप बुक्स।

सिंह. एम.बी. (१९९०). *दोस्रो महाधिवेशनदेखि दरभङ्गा प्लेनमसम्म.* गोरखपुर : जन शिक्षा गृह।

सिंह, एम.बी. (१९९४). *उग्र वामपन्थी विचारधाराको खण्डन.* काठमाडौँ : निरन्तर प्रकाशन।

सिंह, एम.बी. (१९९५). *क्रान्ति वा भ्रान्ति ?.* गोरखपुर : जनसाहित्य प्रकाशन।

सिंह, एम.बी. (२०००). *चार दशक.* गोरखपुर : जनसाहित्य प्रकाशन।
Adler, A. (1956). *The individual psychology of Alfred Adler: A systematic presentation in selections from his writings*. New York: Basic Books.
Austin, W. G., & Worchel, S. (1979). *The Social Psychology of Intergroup Relations*. (Eds.). Monterey, CA: Brooks/Cole.
Boron, A. A. (2000). 'Post Marxism and the social and political theory of Karl Marx'. *Latin American Perspectives.* 27(4), 45–60. https://doi.org/10.1177/0094582X0002700404
Brewer, M. B., & Kramer, R. M. (1985). 'The psychology of intergroup attitudes and behavior'. *Annual Review of Psychology.* 36, 219–243.https://doi.org/10.1146/annurev.ps.36.020185.001251
Burns, J. M. (1978). Leadership. New York: Harper & Row.
Dollard, J., Doob, L. W. & Other's (1939). *Frustration and Aggression.* New Haven, CT: Yale University Press.
Engels, F. (1954). *Anti Dühring: Herr Eugen Dühring's revolution in science*. Moscow: Foreign Languages Publishing House. (Original work published 1878.)
Festinger, L. (1957). *A theory of cognitive dissonance*. Stanford, CA: Stanford University Press.
Freud, S. (1922). *Group psychology and the analysis of the ego*. London: Hogarth Press.
Gramsci, A. (1971). *Selections from the Prison Notebooks of Antonio Gramsci.* (Q. Hoare & G. Nowell-Smith, Eds. & Trans.). New York: International Publishers.
Heider, F. (1958). *The Psychology of Interpersonal Relations*. New York: John Wiley & Sons.Hobsbawm, E. J. (1994). The Age of Extremes: The Short Twentieth Century, 1914–1991. London: Michael Joseph.
Kellner, D. (1995). 'The crisis and fate of Marxism in the contemporary era'.[Unpublished].
Khadka, N. (1995). 'Factionalism in the Communist Movement in Nepal'. *Pacific Affairs.* 68(1), 55–76. https://doi.org/10.2307/2759768
Lawoti, M. (2005). *Towards a Democratic Nepal: Inclusive Political Institutions for a Multicultural Society.* New Delhi; Thousand Oaks, CA: SAGE Publications.
Lenin, V. I. (1902/1961). *What Is to Be Done? Burning Questions of Our Movement*. Moscow: Progress Publishers.
Luthans, F. (2011). *Organizational Behavior: An Evidence-Based Approach.* (12th ed.). New York, NY: McGraw-Hill/Irwin.
Marx, K., & Engels, F. (1848/1986). *Manifesto of the Communist Party*. Moscow: Progress Publishers.
Meisner, M. (1999). *Mao's China and After: A History of the People's Republic.* (3rd ed.). New York, NY: Free Press.
Mullen, B., & Goethals, G. R. (Eds.). (1987). *Theories of Group Behavior*. New York: Springer-Verlag.
Pokhrel, R. (2007). *A journey of the communists of Nepal: Twenty-three years' history of CPN (UML).* Jhapa: Massline Publication.
Sherif, M. (1961). *Intergroup conflict and cooperation: The Robbers Cave experiment*. Norman, OK: University Book Exchange / Institute of Group Relations, University of Oklahoma.
Smith, A. (2024) 'What is a communist, and what do communists believe?' *The Conversation*. (October 14). https://theconversation.com/what-is-a-communist-and-what-do-communists-believe-234255
Tajfel, H., & Turner, J. C. (1979). 'An integrative theory of inter-group conflict. In W. G. Austin & S. Worchel.' (Eds.). *The Social Psychology of Intergroup Relations.* (pp. 33–47). Monterey, CA: Brooks/Cole.
Wolf, S., Whelpton, J. & Other's (1989). 'Private newspapers, political parties, and public life in Nepal'. *European Bulletin of Himalayan Research.* 1, 3–15.